# मनोकांक्षा
## बचत तथा ऋण सहकारी संस्था लि.
कुलेश्वर-१४, काठमाडौं, फोनः ४२८२६८७, ४२८५६६३


# Application for Mobile Banking

मिति : Y Y Y Y M M D D

श्रीमान प्रबन्धक ज्यू
**मनोकांक्षा बचत तथा ऋण सहकारी संस्था लि.**
कुलेश्वर, काठमाण्डौं ।

महाशय,

कृपाया म/हामीलाई तल उल्लेखित सेवा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/गर्दैछौं । (आवश्यक सेवामा चिन्ह लगाउनुहोस्)

☐ मोबाइल बैंकिङ्ग ☐ नयाँ पिन नम्बर

मोवाइल नम्बर परिवर्तन : साविकको नम्बर ________ नयाँ नम्बर ________

सेवा बन्द : ☐ मोबाइल बैंकिङ्ग

नाम (नेपालीमा) : ________

(In English) : ________

खाता नं. : ☐☐☐☐☐-☐☐☐☐-☐☐☐☐☐☐

मोवाइल नं. ☐☐☐☐☐☐☐☐☐☐

म/हामी माथि उल्लेखित सेवाका लागि लाग्ने शुल्क मेरो/हाम्रो माथि उल्लेखित खाताबाट रु. ...................... बार्षिक रुपमा कट्टी गर्न संस्थालाई अख्तियारी प्रदान गर्दछु/गर्दछौं ।

मैले/हामीले मनोकांक्षा बचत तथा ऋण सहकारी संस्था लि. को मोबाइल बैंकिङ्ग सेवा संचालन सम्बन्धि यस आवेदन फारमको पछाडी उल्लेखित शर्तहरु पढें/पढ्यौं र ती शर्त तथा नियमहरुको सधै पालना गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

..................................
खातावालाको दस्तखत

**कार्यालय प्रयोजनको लागि मात्र**

| ............................. | ............................. | ............................. |
|---|---|---|
| तयार गर्ने | जाँच गर्ने | सदर गर्ने |

**मनोकांक्षा बचत तथा ऋण सहकारी संस्था लि.** (यस पछि "संस्था भनिएको छ) र संस्थाका सदस्य बीच **मोवाइल बैंकिङ्ग सेवा** प्रदान तथा प्रयोग गर्ने बारेमा भएको सहमति एवं तत्सम्बन्धमा तोकिएको शर्त तथा बन्देजहरु :

संस्थाले प्रदान गरेको मोबाईल बैंकिङ्ग सेवा सुविधासँग सम्बन्धित निम्न शर्त तथा बन्देजहरु पालना गर्न संस्था तथा सदस्य आपसमा सहमत भएका छन् ।

## सदस्यको दायित्व :

१. सदस्यले माथि उल्लेखित सेवा सुविधाहरु उपयोग गर्ने सिलसिलामा संस्थालाई उपलब्ध गराएको/गराउने जानकारीहरु सत्य, तथ्य, पूर्ण, प्रासंगिक र अधावधिक छन् ।
२. सदस्यलाई यो तथ्य मञ्जुर छ कि, उपलब्ध सेवा सदस्यको एकल प्रयोगका लागि हुन् र सदस्यले दुर्घटनावश, लापरवाही वा अनाधिकृत रुपमा तेस्रो पक्षलाई जानाजान वा अज्ञानतावश युजर नेम (User Name) र पासवर्ड (Password) उपलब्ध गराएका कारणले हुने क्षती वा नोक्सानी वा बैंकिङ्ग कसुर जन्य कार्य प्रति संस्थाको कुनै उत्तर दायित्व तथा जवाफदेहिता हुने छैन । सम्बन्धित सदस्यले नै (User Name) र पासवर्ड (Password) प्रयोग गरेको हो वा होइन भन्ने बारेमा निक्यौंल गर्न संस्था बाध्य हुने छैन । (User Name) र पासवर्ड (Password) मिलेको खण्डमा सो को प्रयोग असल मनाशायले सदस्य स्वयम्ले नै गरेको हो भनी मानिनेछ । यसमा सदस्यको मञ्जुरी/सहमती रहेको छ ।
३. सदस्यले उल्लेखित सेवा सम्बन्धि आफ्नो (User Name) र पासवर्ड (Password) प्रयोग गर्न अन्य कुनै पनि व्यक्तिलाई दिने छैन । कुनै तेस्रो पक्षले सदस्यको स्वीकृती बिना यो सेवा प्रयोग गरेमा सदस्य स्वयम्ले नै प्रयोग गरेको मानिनेछ ।
४. संस्थाले मोवाइल बैंकिङ्ग सेवामा उपलब्ध गराएका सूचना एवं शुल्कका कारणले सदस्यलाई कुनै पनि नोक्सानी वा क्षती पुग्न गएमा संस्था जिम्मेवार हुने छैन । यस्ता सूचना एवं शुल्क केवल सन्दर्भ सामाग्रीका लागि मात्र हुन् ।
५. यी सेवाहरु मार्फत् संस्थालाई दिएको कुनै निर्देशन कार्यान्वयन नभएको खण्डमा सदस्यले संस्थालाई कुनै पनि किसिमले जिम्मेवार वा उत्तरदायी बनाउन सक्ने छैन र हुने छैन । यदि सदस्यले संस्थालाई दिएको निर्देशन रद्द गर्ने सिलसिलामा संस्थालाई सूचना दिनु अगावै कार्यान्वयन भैसकेको खण्डमा सो कार्य सदस्यलाई मान्य/स्वीकार्य हुनेछ ।
६. संस्थाले मोवाइल बैंकिङ्ग सेवा मार्फत् सदस्यलाई आफ्नो (User Name) र पासवर्ड (Password) प्रयोग गर्न दिएको मार्ग निर्देशन सदस्यलाई पूर्ण रुपमा मान्य तथा स्वीकार्य हुनेछ । यस्ता (User Name) र पासवर्ड (Password) सदस्यको मोबाईल बैंकिङ्ग परिचयको रुपमा रहनेछ । सदस्यको (User Name) र पासवर्ड (Password) प्रयोग गरी संस्थालाई दिएको निर्देशनलाई सदस्यबाट नै जारी गरिएको साँचो तथा वास्तविक निर्देशन मानिनेछ र यसको कार्यान्वयनबाट उत्पन्न हुने सम्पूर्ण प्रकारको दायित्वहरु वहन गर्ने जिम्मेवारी तथा जवाफदेहिता सदस्यको नै हुनेछ । सदस्यले आफ्नो (User Name) र पासवर्ड (Password) कुनै पनि बेला परिवर्तन गर्न सक्नेछ तर यस्तो परिवर्तन संस्थाले स्वीकार गरे पछि मात्र लागु हुनेछ ।
७. मोवाइल बैंकिङ्ग सेवा मार्फत् उपलब्ध गराइएको खाता वा कारोबार सम्बन्धी सूचना सन्दर्भ/जनाकारीका लागि मात्र हो र उपलब्ध गराईएको सूचना र संस्थाको अभिलेखमा भएको सूचनाका बिचमा कुनै फरक पर्न गएमा संस्थामा रहेको अभिलेखलाई नै आधिकारिता दिइनेछ ।
८. सदस्यको (User Name) र पासवर्ड (Password) प्रयोग गरि कुनै पनि गैर कानूनी कार्य, ठगी, बैंकिङ्ग कसुरजन्य मानिने कार्य तथा जालसाजी युक्त तरिकाले अनाधिकृत कारोबार भए गरेमा विद्युतीय अपराध वा ह्याकिङ्ग (Hacking) का लागि सदस्य जिम्मेवार तथा उत्तरदायी हुनेछ र संस्था हुने छैन ।
९. प्रचलित कानून अनुसार सदस्य सम्बन्धी सूचना कुनै पनि व्यक्ति वा संस्था वा अन्य कुनै तेश्रो पक्ष समेतलाई उपलब्ध गराउनका लागि संस्थामा अधिकार सुरक्षित रहेको छ । यसले बाधा पुगेको मानिने छैन ।
१०. कुनै पनि कम्प्युटर भाइरस वा अन्य विध्वंसात्मक कार्यले सदस्यको हार्डवेयर, सफ्टवेयर र कम्प्यूटर वा मोवाइलमा पुग्न गएको क्षती वा नोक्सानी प्रति संस्था जिम्मेवार हुने छैन ।

## संस्थाको दायित्वका सीमितता :

१. संस्थाको (User Name) र पासवर्ड (Password) द्वारा अनाधिकृत रुपमा गरिएका कुनै पनि जाली, ठगी एवं कसुरजन्य कारोबार अथवा संस्थालाई प्राप्त त्रुटीपूर्ण निर्देशनहरु जुन सदस्यको स्वंयबाट आएको नहुन सक्छ वा बाह्य प्रयोग कर्ताको अतिक्रमणद्वारा संस्थालाई प्राप्त यस्ता निर्देशनहरु ।
२. सदस्यको (User Name) र पासवर्ड (Password) प्रयोग गरि सदस्यले गरेको कारोबारको सिलसिलामा संस्थाले असल मनाशायबाट प्राप्त गरेको निर्देशनहरुको पालना गर्दा ।
३. प्राविधिक वा संचालन समस्याका कारण संस्थाले प्राप्त निर्देशन कार्यान्वयन गर्न नसकी कुनै त्रुटी वा ढिलाई भएमा ।
४. कुनै अनाधिकृत प्रयोग कर्ताले अनाधिकृत रुपमा सिस्टम प्रयोग गर्दा कुनै सूचना वा तथ्यांक हराएमा वा नस्ट भएमा वा रकम झिकेमा ।
५. संस्थाले उपलब्ध गराएको सेवा, सुविधाका बारेमा सदस्यलाई जानकारी नभएमा ।
६. संस्थले सदस्यद्वारा दिईएको निर्देशन प्राप्त गर्न नसकेको अवस्था वा सूचना प्रविधि सिस्टमले काम नगरेका कारणले सदस्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पर्न जाने वा पर्न सक्ने हानी, नोक्सानी वा क्षतीको सम्बन्धमा ।

## बचाऊ :

सदस्यको सही (User Name) र पासवर्ड (Password) प्रयोग गरी प्राप्त भएको निर्देशन असल मनाशायबाट संस्थाले कार्यान्वयन गर्दा वा नगर्दा संस्थालाई हुन/पर्न जाने कुनै पनि हानी, नोक्सानी, क्षति, कारवाही, मुद्दा मामिला इत्यादीबाट उत्पन्न हुने सबै प्रकारका दायित्वहरुबाट सदस्यले संस्थालाई मुक्त राख्नेछ/राख्नु पर्नेछ । साथै सदस्यको लापरवाही वा आफ्नो (User Name) र पासवर्ड (Password) को सुरक्षा गर्न नसकेका कारणले सदस्यलाई हुन/पर्न जाने कुनै पनि किसिमको हानी, नोक्सानी, क्षती प्रति संस्था जवाफदेही तथा जिम्मेवार हुनेछैन ।

## आकर्षित हुने कानून :

यस सम्झौताका कारणले उत्पन्न हुने कुनै पनि विवाद, यस सम्झौतामा लेखिएका शर्त तथा बन्देजहरु र नेपाल सरकारले प्रचलनमा ल्याएका प्रचलित ऐन, कानून बमोजिम समाधान गरिनेछ ।

निवेदक यो स्व:घोषणा गर्दछ कि, निवेदकले उल्लेखित शर्त तथा बन्देजहरु राम्ररी पढी वाँची, जानी सो को अर्थ, मतलव र परिणाम समेत जानी बुझी माथि उल्लेखित शर्त बन्देजहरु पूर्ण रुपमा परिपालना गर्न मञ्जुर, सहमत तथा स्वीकृती जनाउँदछ ।